मकवानपुरगढी गाउँपालिका
Makawanpurgadhi Rural Municipality
गाउँ कार्यपालिकाको कार्यालय
Office of Rural Municipal Executive
मकरान्चुली मकवानपुर
Makranchuli, Makawanpur
(कर्मचारी प्रशासन तथा जनशक्ति व्यवस्थापन शाखा)

Email:
makawanpurgadhi.rmc@gmail.com
Website: makawanpurgadhimun.gov.np
Contact no. : 9845461080 (Chairperson)
Contact no.: 9855088966 (CAO)
बागमती प्रदेश, नेपाल
Bagamati Province , Nepal

पत्र संख्या (Ref. No.):२०८३/०८४
चलानी नं. (Dispatch no.) :

मितिः२०८३/०६/०८ गते
ने.सं.११४६ जंलाथ्व त्रयोदशी

# उच्च सतर्कता अपनाउने सम्बन्धी सूचना !

जल तथा मौसम विज्ञान विभागको पूर्वानुमान प्राप्त सूचना अनुसार बङ्गालको खाडीको पूर्वी भूभाग (उत्तर अण्डमान सागर आसपास) विकसित भएको बलियो न्यूनचापीय क्षेत्र, पश्चिम-उत्तरपश्चिम तर्फ सर्ने क्रममा रहेको र मौसमविद्हरूका अनुसार उक्त प्रणालीले मिति २०८३ असोज ८ गते देखि ११ गतेसम्म देशका धेरै भु-भागमा भारी/अतिभारी वर्षाको सम्भावना रहेको जनाएका छन । यसका साथै राष्ट्रिय विपद् जोखिम न्यूनिकरण तथा व्यवस्थापन प्राधिकरणबाट समेत सतर्कता अपनाउन, परिस्थिति/आवश्यकता अनुसार यातायात आवागमन बन्द गराउन र सुरक्षित स्थलमा बस्नका लागि अनुरोध गरेको छ । भारी/अतिभारी वर्षाका कारण यस गाउँपालिका, भित्रका भिरालो तथा पहिरोको जोखिममा रहेका घरहरू, नदी किनाराका घर तथा बस्ती साथै तटीय क्षेत्रमा बसोबास गर्ने घरपरिवारलाई उच्च सतर्कता अपनाउन हुन अनुरोध गरिन्छ । साथै हेटौडा-कान्तीलोकपथ, ठिङ्गन हुँदै - काठमाडौं सडक खण्डमा यात्रा गर्नु पूर्व देहायको सम्पर्क नम्वरमा जानकारी लिई यात्रा गर्नु हुन सर्वसाधारण सबैमा जानकारी गराउँदछौं । साथै अत्यन्त जरूरी नभएसम्म सकेसम्म टाढा र रातीको समयमा यात्रा नगर्नु नगराउनु हुन विशेष सतर्कता आपनाउन, चनाखो रहन समेत अनुरोध गरिन्छ ।

**देहायः**

जिल्ला प्रशासन कार्यालय मकवानपुर हेटौंडाः- ९८५५०७०४९८
जिल्ला प्रहरी कार्यालय मकवानपुर हेटौंडाः- ०५७५२०३९९
ईलाका प्रहरी कार्यालय मकवानपुरगढीः- ९८५५०६९३९९
ईलाका प्रहरी कार्यालय ठिङ्गनः- ९८५५०९१०११
प्रहरी चौकी चौघडाः- ९८५५०९०८४५
विपद् फोकल पर्सन मकवानपुरगढी गाउँपालिका श्री सूर्य बहादुर गुरुङ्गः- ९८४५०२७३२३
नगरप्रहरी प्रमुख मकवानपुरगढी गाउँपालिका श्री मनि लामाः-९८६५१७६३२३

..................
सत्यनारायण साह
नि. प्रमुख प्रशासकीय अधिकृत

नि. प्रमुख प्रशासकीय अधिकृत